# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः९ | संख्याः १८ | मिति : २०८२/११/२९

भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८२।११।२९ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८२ सालको नियम नं.१८

गेरुवा गाउँपालिकाको कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि,२०८२

# गेरुवा गाउँपालिकाको कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि,२०८२

**प्रमाणिकरण मितिः २०८२।११।२९**

प्रस्तावनाः

कृषि यान्त्रीकरणका माध्यमबाट कृषि पेशालाई मर्यादित, ब्याबसायिक र प्रतिस्पर्धात्मक बनाई आधुनिकीकरण गरी बाली उत्पादन, भित्र्याउने, भण्डरण र बजारीकरणसम्म कृषकहरुको कृषि यन्त्र तथा उपकरणमा पहुँच बढाई उत्पादन लागत घटाई गुणस्तरिय उत्पादन र आयमा बृद्धि गराउनका लागि अनुदान दिई कृषकहरुलाई प्रोत्साहन गर्न बाञ्छनिय भएकोले,

कृषि क्षेत्रलाई औद्योगीकरण गरी कृषि ब्याबसायमा युवा वर्गको घट्दो आकर्षण र बैदेशिक रोजगारीको अवसरका कारण कृषि क्षेत्रमा भैरहेको श्रमशक्तिको अभाव लगायतका समस्या समाधान र कृषिमा महिलाको अत्यधिक श्रमभार रहेकोमा श्रमभार घटाई अन्य उत्पादनशिल कार्यमा लगाउन र निर्वाहमुखी कृषि प्रणालीलाई ब्याबसायिकरणको माध्यमबाट प्रतिस्पर्धात्मक प्रणालीमा रुपान्तरण गरी आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धन गर्न तथा खाद्य सुरक्षाको सुनिश्चितता गर्न कृषि यान्त्रिकरणमा अनुदान दिई प्रोत्साहन गर्न आबश्यक भएकोले कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०८२ गाँउकार्यपालिका बाट स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि,२०८२** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) कषि यन्त्र उपकरण भन्नाले कृषि, पशुपंक्षी तथा मत्स्य सम्बन्धि उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, भण्डारण र ढुवानीमा प्रयोग हुने सबै प्रकारका यन्त्र उपकरणलाई सम्झनुपर्दछ।

(ख) अनुदान भन्नाले कृषक,कृषक समुह,कृषि उद्यमी/फर्म वा कृषि सहकारी संघ सस्था समितिलाई स्वीकृत कार्यक्रम अनुसार कृषि यन्त्र उपकरण खरिद मुल्यमा दिईने अनुदान सम्झनुपर्दछ।

(ग) कृषक भन्नाले आफ्नो जीविकोपार्जनको मुख्य पेशा कृषि अंगालेको प्राकृतिक ब्यक्तिलाई सम्झनु पर्दछ।

(घ) गाँउपालिका भन्नाले गेरुवा गाँउपालिकालाई सम्झनुपर्दछ।

(ङ) शाखा भन्नाले गेरुवा गाँउपालिका अन्तरगत कृषि तथा पशु सेवा उपशाखालाई जनाउँदछ।

(च) वडा भन्नाले गेरुवा गाँउपालिका अन्तर्गतका वडा तथा वडा कार्यालयलाई सम्झनुपर्दछ।

(छ) कार्यक्रम भन्नाले गेरुवा गाँउपालिकाको बार्षिक स्वीकृत कार्यक्रमलाई जनाउँदछ।

(ज) आपुर्तिकर्ता वा श्रोतकेन्द्र भन्नाले कृषि यन्त्र उपकरणहरु उपलब्ध गराउने कम्पनी उत्पादक वितरक एजेन्ट डिलर आदिलाई बुझाउँछ।

(झ) सेट भन्नाले ईन्जिन मोटर वा यसमा जडान गरी सञ्चालन गरिने एक वा सो भन्दा बढी यन्त्र उपकरणहरुको संयुक्त रुपलाई सम्झनुपर्दछ।

(ञ) आपुर्तिकर्ता भन्नाले सम्बन्धित मन्त्रालय,वा सो मन्त्रायलय अन्तर्गतका सरकारी कार्यालयमा वा गेरुवा गाँउपालिकामा सुचिकृत भई कृषि पशुपंक्षी तथा मत्स्य सम्बन्धि यन्त्र उपकरण उपलब्ध गराउने बिक्रेता सम्झनुपर्दछ।

(ट) उपभोक्ता भन्नाले कृषि ब्याबसाय गर्ने उद्देश्य लिई अनुदानमा कृषि यन्त्र उपकरण लिन ईच्छुक प्रचलित कानुन बमोजिम स्थापना भएका समुह/सहकारी/नीजि फर्म/उद्यमी/ वा संस्थामा संलग्न ब्यक्ति वा समुह वा कृषक सम्झनु पर्दछ।

(ठ) कृषक समुह भन्नाले कृषि तथा पशु सेवा उप-शाखामा विधिवत दर्ता भएका कृषक समुहलाई सम्झनुपर्दछ।

(ड) कृषक समन्वय समिति भन्नाले गेरुवा गाँउपालिकाको कृषकहरुको हकहित र कार्यक्रम सञ्चालन ब्यबस्थापन तथा ब्याबसायीकरणका लागि गठन भएको कृषक समन्वय समितिलाई जनाउनेछ।

(ढ) कष्टम हायरिङ्ग सेन्टर भन्नाले यान्त्रिकरण प्रवर्द्धनका लागि सम्बन्धित कृषक समुह, सहकारीद्वारा सञ्चालित बाली/बस्तुका लागि उत्पादन देखि पोष्टहार्भेष्ट सम्म आबश्यक पर्ने सबै प्रकारका मेशिनरी औजार उपकरणको सेट सहितको सुविधायुक्त केन्द्र सम्झनुपर्दछ।

**३. कार्यविधिको उद्देश्यः** गेरुवा गाँउपालिकाको कृषि क्षेत्रको उत्पादन लागत घटाई उत्पादकत्व बृद्धि गर्नका लागि अनुदानमा कृषि तथा पशुपंक्षी विकासका लागि खरिद तथा वितरण गरिने कार्यक्रम सञ्चालन प्रकृयालाई ब्यबस्थित, पारदर्शी, सहज र सरल बनाउने।

**४. कृषि यान्त्रिकरण कार्यक्रमको उद्देश्यहरुः** कृषि यान्त्रिकरण कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम हुनेछनः

(१) कृषिलाई यान्त्रिकरण, आधुनिकीकरण, ब्याबसायिकीकरण र प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगारीको अवसर सृजना गर्ने।

(२) प्रविधिको प्रयोगको माध्यमबाट कृषिमा उत्पादन लागत घटाई कृषि ब्याबसायलाई नाफामुखी बनाउने।

(३) कृषि पेशामा महिलाहरुको कार्यभार घटाई युवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गर्ने।

(४) कृषि पेशामा आबद्ध कृषकहरुलाई प्रोत्साहन गरी उत्पादकत्व बृद्धि गर्न।

(५) स्थानिय तहबाट गरिने कार्यक्रम/सेवाप्रवाहलाई जनमुखी बनाई प्राविधिक सहयोग सहितको प्रविधिमैत्री बनाउने।

(६) कृषि तथा पशुपालन क्षेत्रको उत्पादन लागतमा सरकारको साझेदारी बढाई अपनत्वभावको सृजना गर्ने।

**५. कार्यक्रममा बजेटको ब्यवस्थाः** बजेटको ब्यबस्था देहाय बमोजिम हुनेछः

(१) नेपाल सरकारबाट प्राप्त वित्तिय समानीकरण, ससर्त वा यान्त्रिकरणमा प्राप्त कुनै पनि किसिमको अनुदान ।

(२) प्रदेश सरकारबाट कृषि यान्त्रिकरणका लागि प्राप्त वित्तिय समानीकरण वा ससर्त अनुदान।

(३) स्थानिय सरकारबाट गाँउसभाद्वारा कृषि यान्त्रिकरणका लागि बिनियोजित बजेट रकम।

(४) कृषि तथा पशुपंक्षीको क्षेत्रमा काम गर्ने सरकारी कार्यालय वा राष्ट्रिय तथा गैरसरकारी संघ/संस्था वा विकास साझेदारबाट प्राप्त हुने रकम तथा सहयोग।

(५) कृषि यान्त्रिकरणमा प्राप्त अन्य अनुदान सहयोग।

**६. कृषि यान्त्रिकरणमा अनुदान प्रवाहको ब्यबस्थाः** अनुदान प्रवाहमा देहाय बमोजिम गरिनेछः

(१) प्रचलित कानुन बमोजिम सुचिकृत भएका बिक्रेताबाट /आपुर्तिकर्ता वा श्रोतकेन्द्रबाट मेशिनरी सामान खरिद गरिनेछ।

(२) उपभोक्ताको माग बमोजिम अनुसुची-१ मा बाली उत्पादन, कटानी, पिसानी, चुटानी वा प्रशोधनमा प्रयोग हुने मेशीनरीको कुल खरिद मुल्यमा ५०(पचास) प्रतिशत र ढुवानीमा सतप्रतिशतसम्म उपलब्ध गराउन सकिनेछ।

(३) उपभोक्ताले ब्यहोर्नुपर्ने ५० (पचास) प्रतिशत रकम कृषि तथा पशु सेवा उप-शाखामा संकलन गरी वा उपभोक्ताले नै बिक्रेताको खातामा सोझै भुक्तानी गरिनेछ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन प्रकृया

**७. स्थान तथा बाली बस्तु छनौटः** कार्यक्रम सञ्चालन क्षेत्र तथा बाली बस्तु छनौटका आधारहरु देहाय बमोजिम हुनेछनः

(१) कार्यक्रम सञ्चालन हुने क्षेत्र गेरुवा गाँउपालिकाको ६ (छ) वटै वडाहरु हुनेछन्।

(२) बाली तथा बस्तु छनौटका प्राथमिकताहरुः खाद्यन्न बाली, तरकारी, मसला बाली, फलफुल खेती, पुष्प खेती, अण्डा, मासु तथा दुधजन्य पशुपंक्षी, मत्स्य र मौरीपालन आदि।

**८. उपभोक्ताबाट माँग संकलन विधिः** उपभोक्ताहरुसँग माग संकलन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(१) गाँउकार्यपालिकाको कार्यालयले कृषि तथा पशुपंक्षीका लागि यन्त्र उपकरण प्राप्त गर्नका लागि ईच्छुक कृषक, कृषि समुह, कृषि सहकारी संस्था, नीजि फर्म तथा उद्यमीहरुलाई माग फारम पेश गर्न समयको उपलब्धता अनुसार १५ देखि ३० दिनसम्मको म्याद दिई सबै वडा कार्यालयहरु र सामाजिक सञ्जाल, सञ्चार माध्यम लगायतका उपयुक्त माध्यमबाट जानकारी प्राप्त हुने गरी उपलब्ध गराईने यन्त्र उपकरणको सुची सहितको सुचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सुचना बमोजिम अनुदान लिन चाहने उपभोक्ताले लिन ईच्छाएको यन्त्र उपकरणको नाम समेत उल्लेख गरी आबश्यक कागजात सहितको तोकिएको ढाँचामा विवरण भरी दिईएको म्याद भित्र कृषि तथा पशुसेवा शाखामा आईपुग्ने गरी आवेदन फारम पेश गर्नुपर्नेछ।

(३) माग आवेदनहरु संकलन गरी कृषि शाखामा माग गरेको यन्त्र उपकरणहरुको वर्गीकरण सहितको सुची तयार गरिनेछ।

(४) कृषि तथा पशुपंक्षी शाखाबाट आवेदकहरुको स्थलगत अनुगमन, निरीक्षण गरी सोको प्रतिवेदन पेश गर्न सकिनेछ।

(५) आवेदकहरु मध्ये छनौटको प्राथमिकता र आधारहरु आर्थिक विकास समितिले तोके बमोजिमको हुनेछ।

(६) आवेदकहरु र प्राप्त प्रतिवेदनको आधारमा आवेदकहरुको छनौट तथा स्वीकृत आर्थिक विकास समितिले गर्नेछ।

**९.उपभोक्ताले पालना गर्नुपर्ने शर्तहरुः** कार्यक्रम कार्यान्वयनको लागि उपभोक्ताले देहाय बमोजिमको शर्तहरु पालना गर्नुपर्नेछ।

(१) उपभोक्ता कृषि पेशा, ब्याबसायमा संलग्न हुनुपर्छ।

(२) साना कृषि मेशीनरी औजारहरु पावरटिलर, मिनिटलर र सहायक यन्त्र आदिमा पचास प्रतिशतले हुन आउने रकम कृषकले स्वयं ब्यहोर्नुपर्नेछ।

(३) अनुदान प्राप्त गर्ने कृषक वा कृषक समुह सदस्यले आफ्नो जग्गाको लालपुर्जा र नागरिकताको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ।

(४) अनुदानमा उपलब्ध गराईएको कृषि यन्त्र उपकरणहरु कृषि कार्यको समयमा कृषि कार्य मै प्रयोग गर्नुपर्नेछ।

(५) अनुदानमा प्राप्त कृषि यन्त्र तथा उपकरणहरुलाई कृषि कार्यमा प्रयोग गर्ने तथा आफ्नो समुह वा सहकारीका सदस्यहरुलाई सहुलियत दरमा उपलब्ध गराउनुपर्नेछ।

(६) अनुदान प्राप्त यन्त्र उपकरणहरु कम्तिमा पाँच बर्षसम्म अरुलाई बिक्रीवितरण गर्न पाईनेछैन। यदि सो अवधिमा बिक्रीवितरण गरिएको पाईएमा उक्त उपकरण गाँउपालिकाले जफत गरी अर्को सदस्यलाई उपलब्ध गराउन सक्नेछ।

**१०. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः** (१) अनुदानको कृषि यन्त्र उपकरण आपुर्तिकर्ताहरुले आवेदनसाथ देहाय बमोजिमको कागजातहरु संलग्न गर्नुपर्नेछः

(क) माग गरिएको कृषि यान्त्रीकरण सम्बन्धि दर रेट अनुसारको आवेदन फारमको विवरण तयार गरी पेश गर्नुपर्नेछ।

(ख) ब्याबसाय दर्ता प्रमाण पत्र, नविकरण सहितको प्रमाणित प्रतिलिपि

(ग) संस्थाको PAN/VAT प्रमाणपत्रको प्रतिलिपि

(घ) लेख परिक्षण, गत आ.ब.को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि

(ङ) आधिकारिक एजेन्टको (Authorized Agent) प्रमाण पत्रको प्रतिलिपि

(च) आधिकारिक डिलर, सर्भिस सेन्टरको संस्था दर्ता, PAN/VAT प्रमाण पत्र र सम्झौता पत्रको प्रतिलिपि

(छ) कृषि औजार उपकरणको Specification खुल्ने Catalogs र Leaflets

(ज) सम्भव भएसम्म बुझिने भाषामा आधिकारिक टेष्ट सर्टिफिकेट को प्रतिलिपि।

(झ) अन्य आबश्यक विवरण वा कागजात

**(२) कृषक ब्यक्ति/उद्यमीहरुका लागि देहाय बमोजिमको कागजातहरु संलग्न गर्नुपर्नेछः**

(क) आवश्यक विवरण भरिएको माग फारम

(ख) नागरिकताको प्रतिलिपि

(ग) जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

(घ) आफु बसोवास गरेको वा जग्गा भएको सम्बन्धित वडाको सिफारिस

(ङ) जग्गाको आधिकारिकता (जग्गाधनि पुर्जा) नभएका भुमिहिन, सुकुम्बासीको हकमा भोगचलनको अधिकार पाएको आधिकारिक प्रमाण वा बहाल कर तिरेको रसिद। अधिया बटैया वा ठेक्कापट्टा वा लिजमा लिई काम गर्नेको हकमा सम्झौता पत्र, भोगबन्धकी लिएको हकमा भोगबन्धकी तमसुक आदि।

**(३) कृषक समुहको हकमा देहाय बमोजिमको कागजातहरु संलग्न गर्नुपर्नेछः**

(क) कृषक समुह दर्ताको प्रमाण पत्रको प्रतिलिपि

(ख) समुहको निर्णय प्रतिलिपि

(ग) समुहले अनुदान प्रकृयाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र

(घ) अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि

(ङ) यदि समुहको कुनै सदस्यले एकल रुपमा यन्त्र उपकरण लिन चाहेमा समुहको निर्णय सहितको सिफारिस पत्र पेश गर्नुपर्नेछ।

(च) जग्गाधनी प्रमाण पुर्जा र कर तिरेको रसिद

(४) कृषि सहकारी संस्था/नीजि फर्म/ब्यासाय दर्तावाल कृषि उद्यमी उपभोक्ताका लागि देहाय बमोजिम कागजात संलग्न गर्नुपर्नेछः

(क) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि

(ख) संस्था नविकरणको प्रमाण पत्रको प्रतिलिपि

(ग) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि

(घ) लेखा परिक्षणको प्रमाणित प्रतिलिपि

(ङ) गत आ.ब.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

(च) संस्थाको निर्णय प्रतिलिपि

(छ) संस्थाले अनुदान प्रकृयाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र

(ज) अख्तियारी प्राप्त पदाधिकारीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

(झ) संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए सम्झौताको (कम्तिमा ३ बर्ष) प्रमाण सहित पेश गर्नुपर्नेछ।

(ञ) जग्गाको लाल पुर्जा र तिरो तिरेको रसिद।

**११.आपुर्तिकर्ता/श्रोत केन्द्रको प्रस्ताव आह्वान सम्बन्धि ब्यबस्थाः** (१) कृषि यन्त्र उपकरणहरुको आपुर्ति गर्न ईच्छुक आपुर्तिकर्ताहरुबाट यन्त्र उपकरणहरुको किसिम क्षमता मोडेल ब्राण्ड र अन्य स्पेशीफिकेसनको आधारमा एकै खालका यन्त्र उपकरणहरुको समुहिकृत गरी दररेट प्रस्ताव आह्वानको लागि ७-३५ दिने म्याद दिई पत्रिकामा अनुसुचि-... बमोजिमको सुचना प्रकाशन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि कोटेशन बाहेकका स-साना परिमाणका यन्त्र उपकरणहरु प्रचलित कानुन बमोजिमको अधिनमा रहि शिलवन्दी दरभाउ पत्र वा सोझै समेत खरिद गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले अनुसुची-... बमोजिमको कागजातहरु संलग्न गरी माग गरिएको सुची बमोजिमको आपुर्ति गरिने यन्त्र उपकरणहरुको विवरण र दररेट सहित प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको निवेदन पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रस्तावहरु दफा- .... को उपदफा () बमोजिम गठित मुल्यांकन समितिले तोकिएको आधार तथा सर्तहरु अनुसार मुल्यांकन गरी उपयुक्त प्रस्तावदाता छनौट गर्नेछ।

(५) छनौट भएको आपुर्तिकर्ताहरुको सुची सहित मुल्यांकन समितिले खरिद समितिमा पठाउनेछ र प्रचलित कानुन बमोजिम खरिद प्रकृया अगाडि बढाईनेछ।

(६) उपदफा (५) बमोजिम खरिद गरिएका यन्त्र उपकरणहरुको ढुवानी गर्नुपरेमा आपुर्तिकर्ताले नै गेरुवा गाँउपालिकाको प्रशासकीय भवनसम्म पुर्याउने ब्यबस्था मिलाउनु पर्नेछ।

११. आपुर्तिकर्ता/श्रोतकेन्द्रको प्रस्ताव छनौट प्रकृयाः यसै कार्यविधिको परिच्छेद ३ को दफा २० बमोजिम हुनेछ

**१२. अनुदानको रकम भुक्तानी प्रकृयाः** आपुर्तिकर्ता/श्रोत केन्द्रलाई देहाय बमोजिम भुक्तानी गरिनेछः

(१) आपुर्तिकर्ताले बील भरपाई लगायतका आबश्यक कागजात सहितको रकम भुक्तानीका लागि पालिकामा निवेदन पेश गर्नुपर्नेछ।

(२) उपभोक्ताले ब्यहोर्ने लागत सहभागिताको रकम पालिकाको कृषि तथा पशुसेवा उप-शाखाले संकलन गरि पालिकाले ब्यहोर्ने अनुदान रकम सहितको रकम एकमुष्ट आपुर्तिकर्ताको बैंक खातामा सिधै भुक्तानी गर्ने ब्यबस्था मिलाईनेछ।

(३) अनुदान कार्यक्रमको रकम भुक्तानी गर्दा अग्रिम कर सहितको लाग्ने करकट्टी भुक्तानी गरिनेछ।

**१३. आपुर्तिकर्ता/श्रोतकेन्द्रको काम, कर्तब्य र अधिकारः** (१) प्राप्त प्रस्तावमा पेश भएका यन्त्र उपकरणहरुको ब्राण्ड, मोडेल, क्षमता, बनेको देश र उत्पादक कम्पनी सहितको न्युनतम दर रेटमा उपलब्ध गराउने।

(२) आपुर्तिकर्ताले स्वीकृत प्रस्ताव र उपभोक्ताको माग बमोजिमको परिमाणको किसिम र संख्यामा गुणस्तरिय यन्त्र उपकरण उपलब्ध गराउनु पर्नेछ।

(३) आपुर्तिकर्ताले यन्त्र उपकरण निर्धारित दर रेट र समयमा नै उपलब्ध गराउने ब्यबस्था मिलाउनु पर्नेछ।

(४) उपलब्ध गराईएका यन्त्र उपकरणहरुको मर्मत सम्भार र सर्भिङ्ग गर्नुपर्ने भएमा सोको समेत ब्यबस्थापन मिलाउनुपर्नेछ।

(५) उपभोक्ताले प्रयोग गर्नु भन्दा पहिले टुटे फुटेको वा बिग्रेको पाईएमा सो यन्त्र उपकरण फिर्ता लिई सट्टामा अर्को यन्त्र उपकरण उपलब्ध गराउनु पर्नेछ।

(६) आपुर्तिकर्ता र कार्यालयसँग भएको सम्झौतामा भएका बुँदाहरु पुर्णरुपमा पालना गर्नुपर्नेछ।

(७) उपभोक्तालाई गुणस्तरिय कृषि यन्त्र तथा उपकरण माग गरिएको समयमा नै उपलब्ध गराउनु पर्नेछ।

**१४. उपभोक्ताको सर्त, काम, कर्तब्य र अधिकारः** उपभोक्ताको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) अनुदानमा प्राप्त कृषि तथा पशुपंक्षी यन्त्र उपकरण एक बर्षभित्र सञ्चालनमा ल्याउनुपर्नेछ।एक बर्षसम्म यन्त्र उपकरण सञ्चालनमा नल्याएमा गाँउपालिकाले फिर्ता तानी अर्को उपभोक्तालाई उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको यन्त्रउपकरण कार्यालयले तान्दा उपभोक्ताले लागत सहभागिताको लागि लगानी गरेको रकम फिर्ता हुनेछैन।

(३) अनुदानमा उपलब्ध गरिएको कृषि यन्त्र उपकरणहरुको कृषि कार्यको समयमा कृषि कार्य मै प्रयोग गर्नुपर्नेछ। उद्देश्य विपरितको काममा लगाउन पाईनेछैन।

(४) अनुदानमा प्राप्त गरेको यन्त्र उपकरणहरुको रेखदेख, मर्मतसम्भार, उचितरुपमा परिचालनको जिम्मेवारी सम्बन्धित उपभोक्ता/हरुककै हुनेछ।

(५) अनुदानमा प्राप्त कृषि यन्त्र उपकरण दुरुपयोग गरेमा वा ५ बर्ष भित्र बेचबिखन गरेमा सो यन्त्रउपकरण गाँउपालिकाले जफत गरी जरिवाना समेत तोक्नसक्नेछ।

(६) माग फारम भरी स्वीकृत भएको यन्त्रउपकरणहरु सम्बन्धित उपभोक्ता/हरुले लिन नचाहेमा कारण सहितको कार्यालयमा निवेदन दिनुपर्नेछ। यसरी प्राप्त हुन आएको निवेदन पश्चात ईच्छुक अर्को उपभोक्तालाई वितरण गरिनेछ र निवेदकले पुनः दाबी गर्न पाईनेछैन।

(७) कार्यालयले निर्धारण गरेको समयभित्र सम्बन्धित उपभोक्ताले लागत सहभागिताको रकम जम्मा गरी यन्त्र उपकरण लैजानुपर्नेछ। समयमा लागत सहभागिताको रकम जम्मा गरी नलगिएमा जम्मा गर्ने ईच्छुक उपभोक्ताले लैजानसक्नेछ।

**१५. दोहोरो हुने गरी अनुदान उपलब्ध नगराईने:** यस पालिकाबाट वा प्रदेश सरकार वा संघिय सरकारबाट अनुदान पाई सकेकोमा दोहोरो हुनेगरी मेशिनरी औजार उपकरण वा अनुदान उपलब्ध गराईनेछैन।

## परिच्छेद-३

## समिति र समितिको काम कर्तब्य र अधिकार सम्बन्धि ब्यबस्था

**१६. आर्थिक विकास समितिः गेरुवा गाँउपालिकाको आर्थिक विकास समिति देहाय बमोजिम हुनेछः**

| | |
|---|---|
| वडाध्यक्षः | संयोजक |
| वडा सदस्यः | सदस्य |
| वडा सदस्यः | सदस्य |
| पशुसेवा शाखाको शाखा प्रमुखः | सदस्य |
| सहकारी शाखा प्रमुखः | सदस्य |
| उद्योग बाणिज्य शाखा प्रमुखः | सदस्य |
| श्रम तथा रोजगार शाखा प्रमुखः | सदस्य |
| कृषि शाखा प्रमुखः | सदस्य सचिव |

**१७. आर्थिक विकास समितिको काम कर्तब्य र अधिकार**

क) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले माग गरेका विषयहरुको विवरण तथा तथ्याङ्क उपलब्ध गराउने,

ख) कार्यक्रम तथा आयोजनाको प्राथमिकिकरणको आधार तयार गर्ने,

ग) कार्यक्रम तथा आयोजनाहरुको दोहोरोपना हटाउने सामन्जस्यता र बजेटको सन्तुलन कायम गर्ने,

घ) क्षेत्रसँग सम्बन्धित गैरसरकारी संस्था सहकारी लगायत सामुदायिक सङ्घ संस्थाको वार्षिक कार्यक्रम गाउँपालिकाको वार्षिक योजना तथा कार्यक्रममा समावेश गर्न आवश्यक समन्वय गर्ने,

ङ) कार्यपालिका बाट तोकिए बमोजिमका अन्य कार्य गर्ने,

**१८. खरिद एकाई समितिः खरिद एकाई समिति देहाय बमोजिम हुनेछः**

योजना शाखा प्रमुखः- संयोजक

आर्थिक प्रशासन शाखा सहायकः- सदस्य

पुर्वाधार शाखा प्रमुख वा निजले तोकेको प्राविधिकः- सदस्य

सम्बन्धित शाखा प्रमुखः-

जिन्सी शाखा प्रमुखः- सदस्य-सचिव

**१९.खरिद एकाईको काम कर्तब्य र अधिकार**

- खरिद योजना बनाउने
- बोलपत्र,दरभाउपत्र खोल्ने
- सम्झौता गर्ने
- अनुगमन तथा नियन्त्रण गर्ने
- सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम कार्य गर्ने गराउने।

**२०. मुल्यांकन समितिः मुल्यांकन समिति देहाय बमोजिम हुनेछः**

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृतः | संयोजक |
| आर्थिक प्रशासन शाखा प्रमुखः | सदस्य |
| योजना शाखा प्रमुखः | सदस्य |
| सम्बन्धित शाखा प्रमुखः | सदस्य |
| जिन्सी शाखा प्रमुखः | सदस्य-सचिव |

**२१.मुल्यांकन समितिको काम कर्तब्य र अधिकार**

- बोलपत्र,दरभाउपत्र खोल्ने

- प्रारम्भिक परीक्षण गर्ने
- प्राविधिक मूल्याङ्कन गर्ने
- आर्थिक मूल्याङ्कन गर्ने
- मूल्याङ्कन प्रतिवेदन तयार गर्ने
- गोपनीयता कायम राख्ने
- स्पष्टीकरण माग्ने
- स्वीकार,अस्वीकार गर्ने
- सार्वजनिक ऐन २०६३ सार्वजनिक नियमावली २०६४ बमोजिमका कार्यहरु गर्ने गराउने

## परिच्छेद ४

## विविध

२२. अनुगमनः सञ्चालित अनुगमन वा खरिद प्रकृया सम्बन्धि अनुगमन गाँउपालिकाका उपाध्यक्ष ज्युको संयोजकत्वमा बनेको अनुगमन समितिले नियमित रुपमा अनुगमन गर्नेछ।

**२३. कार्यविधिको परिमार्जनः** यस कार्यविधिको संशोधन परिमार्जन कार्यपालिकाले आबश्यकता अनुसार गर्न सक्नेछ।

**२४. प्रचलित कानुन लागू हुनेः** यस कार्यविधिमा भएका ब्यबस्थाहरु यसै बमोजिम र यस कार्यविधिमा नभएका बिषयहरु प्रचलित कानुन बमोजिम हुनेछन्।

**२५.अन्तिम ब्याख्याः** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या भएमा कार्यपालिकाले गरेको ब्याख्या नै अन्तिम हुनेछ।

**२६.अनुसुचीमा हेरफेरः** यस कार्यविधिमा भएका अनुसुचीहरुमा गाँउकार्यपालिकाले हेरफेर र थपघट गर्नसक्नेछ।

**२७.बचाउ तथा खारेजीः** यस कार्यविधिमा भएका ब्यबस्थाहरुको सम्बन्धमा केही ब्यबस्थाहरुको वा पुरै कार्यवधिको बचाउ तथा खारेजी कार्यपालिकाले गर्नसक्नेछ।

अनुसूची-१

अनुदानमा उपलब्ध गराउने कृषि यन्त्र औजार उपकरणहरु

| क.स | | कृषि यान्त्रीकरणको नाम | अनुदान बढीमा ५०% | कैफियत |
|---|---|---|---|---|
| १ | | पावर टिलर विथ कल्टीभेटर। ह्याण्ड ट्याकटर )Power Tiller( | | |
| | १.१ | हिलोचक्का | | |
| | १.२ | स्पेशल ज्वाईन्ट | | |
| | १.३ | पावर टिलरद्धारा संचालित सिड ड्रिल सिड कम फर्टिलाईजर ड्रिल जिरोटिलेज ड्रिल | | |
| | १.४ | पावर टिलरद्धारा संचालित रिजर बन्ड फर्मर | | |
| | १.५ | पावर टिलरद्धारा संचालित रिपर | | |
| | १.६ | पावर टिलरद्धारा संचालित आलु रोप्ने मेशिन | | |
| | २. | ट्याक्टर चालित ( Tractor Driven ) | | |
| | २.१ | धान थ्रेसर | | |
| | २.२ | गहुँ थ्रेसर | | |
| | २.३ | मल्टिक्रप थ्रेसर | | |
| | २.४ | मकै छोडाउने मेसिन ( Corn sheller ) | | |
| | २.५ | कल्टीभेटर डिस्क हाइरो रिजर बन्ड फर्मर ( Bond Former ) | | |
| | २.६ | सिड ड्रील सिड कम फर्टिलाईजर ड्रिल जिरोटिलेज ड्रील | | |
| | २.७ | रिपर (Reaper) | | |
| | २.८ | आलु रोप्ने मेशिन ( Potato Planter) | | |
| | २.९ | आलु खन्ने मेशिन ( Potato Digger) | | |
| | २.१० | लेजर ल्यान्ड लेभलर ( Lager Land Laveller ) | | |
| | २.११ | रोटाभेटर ( S or C type Rotavator ) | | |
| | ३. | अन्य कृषि यन्त्रहरु | | |
| | ३.१ | धान रोप्ने मेशिन ( Rice Transplanter) | | |
| | ३.२ | झार गोडने मेशिन (Weeder-Hand/Diesel/petrol) | | |
| | ३.३ | मिनिटिलर (Mini Tiller) | | |

| | | | | |
|---|---|---|---|---|
| | ३.४ | रिपर मेशिन ( Self Propelled Reaper) | | |
| | ३.५ | रिपर बाईन्डर मेसिन | | |
| | ३.६ | सिँचाई पम्प र मोटर (Irrigation Pumpset & Motors) | | |
| | ३.७ | पावर स्प्रेयर (Power Sprayer) | | |
| | ३.८ | मल छर्ने झोला (Fertilizer Sprader) | | |
| | ३.९ | मकै रोप्ने मेशिन (Maize Planter) | | |
| | ३.१० | अन्न बाली सुकाउने त्रिपाल | | |
| | ३.११ | च्यापकटर | | |
| | ३.१२ | दाना पिस्ने मेशिन | | |
| | ३.१३ | वा उपभोक्ता बाट माग भएका आधुनिक कृषि यन्त्रहरु | | |

अनूसूची – २

कृषि यन्त्र उपकरण अनुदानमा प्राप्तिका लागि गाउँपालिकामा माग गर्ने निवेदनको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
गेरुवा गाउँपालिकाको कार्यालय
पशुपतिनगर बर्दिया

विषयः ५० % अनुदानमा कृषि यन्त्र उपकरण उपलब्ध गराई पाउँ।

म/हामीलाई व्यावसायिक रुपमा धान,गहुँ,मकै,आलु,तरकारी वा मत्स्य उत्पादन वा अन्य ........................... खेती कार्यमा उत्पादन लागत घटानका लागि कृषि कार्यमा उपयोग गर्न गाउँपालिकाको कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि २०८२ अनुसार गाउँपालिकाको मिति ........................................................... गतेको सूचना बमोजिम ५०% अनुदानमा कृषि यन्त्र उपकरण खरिद गरी परिचालन गर्न ईच्छा भएकोले यो निवेदन पेश गरेका छु/छौ।

संलग्न कागजात

१. नागरिकताको प्रतिलिपी
२. जग्गा धनी प्रमाणपूर्जाको प्रतिलिपी (न्यूनतम ५कठ्ठा) वा अधियालिजमा लिएको भए करारनामा र सम्बन्धित जग्गाधनिको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी उपभोक्ताको नाममा जग्गा नभएमा एकाघर परिवार खुल्ने प्रमाण वा नाता प्रमाणित कागजात।
३. संस्थागत भएमा कार्य समितिको निर्णयको प्रतिलिपी
४. सम्बन्धित वडा कार्यालयको सिफारिस।

माग गरेको कृषि यन्त्र उपकरण

१.
२.
३.

# अनुसूची- ३

## कृषि यान्त्रिकरण अनुदानको लागि आवेदन फाराम

(ख) निवेदकको विवरणः

१. संस्थाको नामः-.......................................................................

२. संस्थाको ठेगानाः- ..................................................................

३. सम्पर्क नम्बरः-........................................ .......................इमेल .....................

४. दर्ता नं ....................................................... दर्ता मिति .........................................................

५. दर्ता निकाय ..............................................................................................................

६. कार्य क्षेत्र ..................................................................................................................

७. सदस्य संख्याः महिला ......................................... पुरुष ..............................................

दलित .................................. जनजाती ...........................जम्मा.................

८.सम्पर्क व्यक्तिको नामः......................................................................................

पदः..............................................................................................................

मोबाइलन न.........................................इमेल.......................

९.लाभान्वित कृषक सङ्ख्या

प्रत्यक्ष ..............................................

अप्रत्यक्ष ...............................................

१०.कारोबार सुरु मिति .....................................................................................

११.प्राप्त गर्न चाहेको कृषि यन्त्रहरुको विवरण

| क्र.स | यन्त्रको नाम | ब्राण्ड | मोडेल साइज | मूल्य रु | अनुदान रकम रु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

१२.प्राप्त कृषि यन्त्रहरु उपयोग गर्ने क्षेत्रः

| क्र स | वडा नं | टोलहरु | व्यवसायिक खेती गर्ने बाली |
|---|---|---|---|
| | | | |

१३.गाउँपालिका बाट प्रप्त हुने अनुदान बाहेकको बाँकी रकम कृषि यन्त्र आपूर्तिकर्ताहरुलाई नगद तिरी लिन कृषि यन्त्र उपकरण खरिद गर्न सहमत छौ।अनुदानमा प्राप्त कृषि यन्त्रको सामूहिक व्यवस्थापन समुचित परिचालन यस संस्थाले स्वयं नै गर्ने छ।

मलाई माथि उल्लेखित विवरण अनुसारको कृषि यन्त्र आवश्यक परेकोले गाउँपालिकाको कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि २०८२ बमोजिम बढीमा ५० प्रतिशत अनुदानमा खरिद गरी परिचालन गर्नेछौ अनुदानमा प्राप्त कृषि यन्त्र उपकरण अपचलन गरेमा कानुनी कार्बाही भोग्न तयार छु। कृषि यन्त्र उपकरण उपलब्ध गराई दिनु हुन अनुरोध गर्नेछौ।

निवेदकको सहीः ................................................ मितिः..........................................

नाम ठेगानाः .......................................................

संस्थाको छाँप

## अनुसूचीः- ४

## गेरुवा गाउँपालिका बाट अधिक्तम ५० प्रतिशत अनुदानमा कृषि यन्त्र खरिद तथा परिचालनका लागि उपभोक्ता र गाउँपालिका बिच गरिने सम्झौता पत्रको ढाँचा

गेरुवा गाउँपालिका पशुपतिनगर बर्दिया र ........................................................................................ बीच बढीमा ५० प्रतिशत अनुदानमा कृषि यन्त्र उपकरण खरिद तथा परिचालन सम्बन्धि सम्झौता पत्र

गेरुवा गाउँपालिका पशुपतिनगर बर्दिया (जसलाई यसपछि यस लिखितम प्रथम पक्ष भनिने छ) र गेरुवा गाउँपालिका वडा नं ..........,............................ स्थित निवासी श्री का अध्यक्ष उपाध्यक्ष सचिव प्रोपराईटर सदस्य कृषक (जसलाई यस पछी दोस्रो पक्ष भनिने छ) बिच प्रथम पक्षको आ व २०८२।०८३ को वार्षिक स्वीकृत कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत गाउँपालिकाको कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि २०८२ बमोजिम कृषि कार्यमा प्रयोगका लागि बढीमा ५० प्रतिशत अनुदानमा कृषि यन्त्र उपकरण खरिद तथा परिचालन सम्बन्धि तपसिल बमोजिमका शर्तहरुका अधिनमा रही कार्य सम्पन्न गर्ने गराउने गरी दुवै पक्ष (प्रथम पक्ष र दोस्रो पक्ष ) बिच सहमती कायम भएकोले यो सम्झौता गरिएको छ।

१) दोस्रो पक्षको माग र प्रथम पक्षको निर्णय बमोजिम दोस्रो पक्षले तपसिल बमोजिम कृषि यन्त्र उपकरण खरिदमा बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने छ।

तपसिल

| कृषि यन्त्रको नाम | ब्रान्ड मोडेल र क्षमता | स्वीकृत मूल्य दर रु | परिमाण | जम्मा रकम रु | प्रथम पक्षले व्यहोर्ने अनुदान रकम रु | दोस्रो पक्षले व्यहोर्ने रकम रु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२) प्रथम पक्षले उपरोक्त कृषि यन्त्र उपकरण खरिदका लागि बढीमा ५० प्रतिशत रकम रु............................अक्षेरुपी........................................................................................................................ अनुदान उपलब्ध गराउने छ भने दोस्रो पक्षले रु......................................................................अक्षेरुपी ............................................. ............................... लगानी गरी खरिद कार्य सम्पन्न गर्नुपर्ने छ।

३) प्रथम पक्षले व्यहोर्ने अनुदान रकम दोस्रो पक्षले कृषि यन्त्र खरिद गरी लिईसकेपछि आपूर्तिकर्तालाई भुक्तानी दिनेछ।

४) प्रथम पक्षले जुनसुकै बखत ५० प्रतिशत अनुदान सहुलियत प्रदान गरी वितरण गरिएको कृषि यन्त्र उपकरण अनुगमन तथा निरीक्षण गर्न सक्ने छ।सो क्रममा प्रथम पक्षले माँग गरेको जानकारी एवं विवरण दोस्रो पक्षले अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।साथै उक्त कृषि यन्त्रमा प्रथम पक्षको अनुदान स्पष्ट रुपमा देखिने गरी सूचना लेखेको हुनुपर्नेछ।

५) दोस्रो पक्षले प्रथम पक्षको अनुदान प्राप्त गरी खरिद गरिएको कृषि यन्त्र उपकरण व्यवस्थापन परिचालन तथा मर्मत सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयंको हुनेछ।

६) प्रथम पक्षले कृषि यन्त्र उपकरणमा स्वीकृत दररेटमा बढीमा ५० प्रतिशत मात्र अनुदान उपलब्ध गराउनेछ।कृषि यन्त्र बीमा नम्बर दर्ता थप एटाचमेन्ट उपकरण खरिद आदि जस्ता अन्य शुल्क दोस्रो पक्ष स्वयंले व्यहोर्नु पर्नेछ।

७) दोस्रो पक्षले तोकिएको अनुदान घटाई आपूर्तिकर्तालाई तिरी कृषि यन्त्र बुझिलिए पश्चात र प्रथम पक्षले अनुदान रकम आपूर्तिलाई भुक्तानी गरेपछि उक्त कृषि औजार स्वतःदोस्रो पक्षलाई हस्तान्तरण भएको मानिनेछ।

८) अनुदान प्राप्त गरी दोस्रो पक्षले खरिद गरेको कृषि यन्त्र उपकरण गैर कृषिमा प्रयोग दुरुपयोग एंव ५ वर्षसम्म बेचविखन गर्न समेत पाईने छैन सो गरेको पाईएमा प्रथम पक्षले सरकारी बाँकी सरह मानी असुल उपर गर्न सक्नेछ वा कृषि यन्त्र फिर्ता लिई अन्य कृषकलाई वितरण गर्न सक्नेछ सो गर्दा दोस्रो पक्षले व्यहोरेको रकम फिर्ता हुनेछैन।

९) यस सम्झौतामा परेका शर्तहरु यसै बमोजिम अन्य कुरा प्रथम पक्षको कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि २०८२ प्रचलित ऐन नियम र प्रथम पक्षका विद्यमान निती नियम अनुसार हुने छैन।

१०) यस भन्दा अगाडी गरिएको शर्त सम्झौता तथा सहमति पनि यथावत कायम रहने छन्।

सम्झौतामा सहीछाँप गर्नेः

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | |
| कार्यालयः गेरुवा गाउँपालिका पशुपतिनगर,बर्दिया | कृषक समूह/सहकारी/संस्थाको नामा ठेगाना |
| छाँपः | छाँपः |

साक्षीहरुः

१ ...............................................................................

२ ...............................................................................

३ ...............................................................................

अनुसूची -५

गेरुवा गाउँपालिका बाट अनुदान प्राप्त कृषि यन्त्र उपकरणमा देखिने गरी टाँस गरिने सूचनाको विवरणका ढाँचा

| |
|---|
| गेरुवा गाउँपालिका कृषि शाखा/पशु सेवा शाखा बाट ५०% अनुदान प्राप्त कृषि यन्त्र<br>आ.व .२०८............/.......... |

आज्ञाले
बस बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत